**Journal of Bhuwanishankar (JoBS)**
**A Peer Reviewed Research Journal**
ISSN: 2961-1938 (Print), 2961-1946 (Online)

# समकालीन नेपाली निबन्धमा विचारतत्त्व

**ज्ञानु अधिकारी***
shabdaga@gmail.com

Received: August 2, 2023 Accepted: September 7, 2022

**सार**

*प्रस्तुत आलेखमा समकालीन नेपाली निबन्धलाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त विचारतत्त्वका विभिन्न पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरी उक्त निबन्धहरूमा अभिव्यञ्जित वैचारिकताका विविध पक्षको निरूपण गरिएको छ । समकालीन नेपाली निबन्धका प्रतिनिधिमूलक रचनालाई चयन गरी विश्लेषण गरिएको यस लेखमा आत्मपरक निबन्धमा प्रयोग भएर आएका विचारपक्षहरूमध्ये जीवन र जगत्सम्बन्धी विचार, अस्तित्वसम्बन्धी विचार र समाजसम्बन्धी विचारको अध्ययन र विश्लेषण गरी समकालीन नेपाली निबन्धमा प्रयुक्त विचारलाई स्थापित गर्नु यस लेखको उद्देश्य हो । समकालीन नेपाली निबन्धका रूपमा २०४६ यता लेखिएका नेपाली निबन्धलाई मानिएको छ । यहाँ समकालीन निबन्धहरूको प्रतिनिधिमूलक रचनालाई विश्लेषण गर्नका लागि विचारपक्षका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी सोद्देश्यमूलक नमुना छनोट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी सघन विश्लेषण गरिएको छ । यसका निम्ति समकालीन नेपाली निबन्धमा विषयका रूपमा प्रयुक्त जीवन र जगत्सम्बन्धी विचारका लागि पौरस्त्य दर्शन, अस्तित्वसम्बन्धी विचारका लागि पाश्चात्य अस्तित्ववादी दर्शन र सामाजिक पक्षसँग सम्बद्ध समाजशास्त्रीय चिन्तनका विचारगत सन्दर्भलाई सैद्धान्तिक ढाँचाका रूपमा उपयोग गरी वर्णनात्मक तथा व्याख्यात्मक विधिद्वारा विश्लेषण गरिएको छ । आत्मपरक शैलीमा लेखिएका समकालीन नेपाली निबन्धमा आएका विषयहरूमा यथार्थको प्रकटीकरणका साथै त्यसमा विचारतत्त्व पनि सबल रूपमा प्रस्तुत भएको छ र यसले समकालीन नेपाली निबन्धलाई गम्भीर, बहुविषयक र प्रभावकारी बनाएको छ भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी**ः अवधारणीकृत, विचारशृङ्खला, चिन्तनप्रवाह, शब्दबद्ध, समुच्चय ।

## विषयप्रवेश

नेपाली साहित्यको इतिहासमा पछिल्लो कालखण्ड र त्यस कालखण्डले लिएर आएका विविध प्रवृत्तिहरूको समुच्चय समकालीन हो । नेपाली निबन्धका सन्दर्भमा पनि समकालीन कालखण्डले आफूभित्र लिएर आएका प्रवृत्तिहरूबाट समकालीन नेपाली निबन्धको सृजना भएको छ । विचार साहित्य वा सृजनाको मूल केन्द्र हो र यो लेखकीय आत्मदृष्टि हो । यस्ता विचार रचनामा केन्द्रीय कथ्य बनेर आउँदा ती विचारतत्त्व बनेर आउँछन् । नेपाली निबन्धमा यस्ता विचारतत्त्वका अनेक आयाम छन् र तिनमा पनि जीवन र जगत्सम्बन्धी विचार, अस्तित्वसम्बन्धी विचार र समाज वा सामाजिक परिवेशसँग सम्बद्ध विचारहरू बढी सघन बनेर आएका छन् र यिनै विभिन्न

* *ज्ञानु अधिकारी, त्रिवि, पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौँमा उपप्राध्यापक हुनुहुन्छ ।*

पक्षहरूको विश्लेषण एवं मूल्याङ्कन गर्नु यस आलेखको अभीष्ट रहेको छ । साहित्यमा प्रयुक्त विचार भन्नाले साहित्यकारको दृष्टिकोण वा मान्यता भन्ने बुझिन्छ। साहित्यका अन्य विधाहरूमध्ये लेखकीय विचार वा दृष्टिकोण स्पष्टसँग अभिव्यक्त हुने विधा नै निबन्ध हो । निबन्धमा निबन्धकारले हरेक विषयमा प्रत्यक्ष रूपमा आफ्नो विचार वा धारणालाई व्यक्त गर्नेभएकाले निबन्धमा विचारतत्त्व स्थूल वा सूक्ष्मरूपमा आएकै हुन्छ । समकालीन नेपाली निबन्धमा पनि मूर्त वा अमूर्त विभिन्न विषयमा निबन्धकारका विचार वा दृष्टिकोण प्रकट भएका छन् । अङ्ग्रेजीको आइडियोलोजीको नेपाली रूपान्तर विचारधाराका रूपमा पनि विचारतत्त्वलाई अर्थ्याउन सकिन्छ । विचारधारा साहित्यिक रचनाको केन्द्र हो र यसले जीवन र जगत्का विविध विषय वा पक्षहरूलाई सैद्धान्तिक वा तार्किक रूपमा राख्नेगर्दछ । समकालीन नेपाली निबन्धमा विशेषतः जीवन-जगत्, अस्तित्वचेतना र समाजसँग सम्बद्ध विचारहरू बढी सशक्त एवं प्रभावपूर्ण रूपमा आएको हुनाले यस अध्ययनमा सोद्देश्य नमुना छनोट विधिद्वारा केही प्रतिनिधिमूलक रूपमा निबन्ध चयन गरी विश्लेषण गरिएको छ । पूर्वीय पाश्चात्य यी दुई दर्शनका आधारभूमिमा रहेर तथ्यलाई सत्यापन गरिएको यस आलेखमा विचारतत्त्वको सघनता भएका निबन्धलाई ग्रहण गरिएको छ । समकालीन नेपाली निबन्धको अध्ययनका क्रममा विधातत्त्व वा समग्रमा र अन्य कतिपय पक्षमा अध्ययन भए पनि समकालीन नेपाली निबन्धको विचारतत्त्वका पक्षमा नै केन्द्रित भएर अध्ययन नभएकाले यो अध्ययन महत्त्वपूर्ण तथा औचित्यपूर्ण देखिन्छ र यसै शोधरिक्तताको परिपूर्तिका लागि प्रस्तुत अध्ययन गरिएको हो ।

**अध्ययनविधि**

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट समकालीन नेपाली निबन्ध र ती निबन्धहरूमा प्रयुक्त विचारतत्त्वसँग सम्बद्ध विभिन्न किसिमका विचारपक्षमा केन्द्रित तथ्य र सूचकहरूलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी तथ्य र सूचकहरूको सङ्कलन गर्दा यसमा सोद्देश्यमूलक नमुना छनोट पद्धति अवलम्बन गरिएको छ। यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्यहरूको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुगिएको छ र यसका लागि विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी समकालीन नेपाली निबन्धमा अन्तर्निहित विचारतत्त्वसँग सम्बद्ध पक्षहरूको विश्लेषण गर्नका लागि विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार गरिएको छ र निगमन विधिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ। यस अध्ययनमा जीवन र जगत्, अस्तित्वचेतना र समाजसम्बन्धी विचारहरू र यससँग सम्बद्ध वैचारिक पक्षहरू तत्त्वमीमांसाका रूपमा रहेका छन् भने ती विचारहरूको अन्तर्घुलन समकालीन नेपाली निबन्धमा छ भन्ने अवधारणा यसको ज्ञानमीमांसा हो र यी विचारहरूको संश्लेषणबाट विश्लेषित निबन्धहरूमा निरूपित सौन्दर्य मूल्यमीमांसा हो । विचार साहित्यको प्रमुख तत्त्व हो र साहित्यमा साहित्यकारको विचार कुनै न कुनै रूपमा अभिव्यक्त भएकै हुन्छ। कुनै पनि स्रष्टाको तर्क वा कल्पनाबाट उत्पन्न हुने चिन्तनलाई नै विचार मान्न सकिन्छ। जीवन र जगत्सँग सम्बद्ध हरेक विषयमाथिको दृष्टिकोण वा चिन्तन नै विचार हो । यसको समुच्चयलाई विचारधारा भन्ने गरिन्छ। सर्जकले सोचाइको आफ्नो प्रकार अथवा भोगाइको आफ्नो ढङ्गका आधारमा जीवन, जगत् र त्यसका वास्तविकतालाई अवधारणीकृत गरेर शब्दबद्ध गर्नेहुँदा प्रत्येक कृतिमा कुनै न कुनै विचारधाराको अभिव्यक्ति हुन्छ (शर्मा, २०६६, पृ.१२४) । कुनै पनि साहित्यिक कृतिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रकट हुने सारतत्त्व नै विचारतत्व हो । विचार साहित्यिक रचनामा सन्देशका रूपमा समेत अभिव्यक्त भएको हुन्छ। वास्तवमा विचार जीवन र जगत्का कुनै पनि

समस्याहरूलाई हेर्ने, बुझ्ने र समाधान गर्ने व्यवस्थित चिन्तन मात्र नभई व्यावहारिक समस्या सुल्झाउने उपाययुक्त सोच वा सिद्धान्त पनि हो र साहित्यकारले आफ्ना साहित्यिक सिर्जनामा प्रस्तुत गर्ने आर्थिक, सामाजिक, राजनीतिक आदि विषयसँग सम्बन्धित व्यवस्थित एवम् क्रमबद्ध चिन्तनप्रवाह (प्रभात, २०७०, पृ. २७०) नै विचारधारा हो। विचारको एउटा व्यवस्थित शृङ्खला नै विचारधारा हो। विचारधाराले कतिपय स्थितिमा व्यक्ति, समूह, वर्ग, धर्म वा संस्कृतिलाई अरु समूहहरूका विरुद्ध प्रयोग हुन उत्प्रेरित गर्ने खालको विचारहरूको सिर्जना पनि गर्छ (एटम, २०७०, पृ.२१४)। वास्तवमा साहित्यमा विचार एउटा आन्तरिक सौन्दर्यका रूपमा प्रकटित भएको हुन्छ र यही आन्तरिक सौन्दर्यले नै साहित्यिक रचनालाई सार्वजनीन बनाउँछ। विचार मूलतः दार्शनिक अवधारणा हो र यसको क्षेत्र निकै व्यापक हुन्छ। सामान्य कोशीय अर्थमा जगत् भनेको संसार हो तर यसको दार्शनिक अर्थ गम्भीर छ। खास गरेर पौरस्त्य दर्शनअनुसार जगत्को आभास मात्र हुन्छ, यही आभास हुनुलाई पौरस्त्य दर्शनमा विवर्त भनिएको छ र सृष्टिको दर्शनमा यसले विवर्तवादको स्थापना गरेको छ (गौतम, २०७८, पृ.१०१)। जीवन र जगत् पनि साहित्यको विचार बनेर आएको हुन्छ। अस्तित्व मानवीय स्वत्वसँग सम्बद्ध छ र यो मूलतः सार्त्रद्वारा प्रतिपादित निकै प्रसिद्ध दर्शन हो। अस्तित्ववादको मूलसूत्र नै अस्ति-तत्त्वको पूर्ववर्ती रूप हो। तत्त्व भन्नु मान्छेको मौलिक स्वभाव वा प्रवृत्ति हो, अनि अस्तित्वचाहिँ मान्छेको त्यो सचेत कर्मसमूह हो, यसबाट उसको व्यक्तिसत्ता वा अस्मिता वा स्वत्व सिद्ध हुन्छ (त्रिपाठी, २०४८, पृ. ११७)। यो अस्तित्वचेतना पूर्वको स्वचेतनासँग पनि निकट देखिन्छ र साहित्यमा अस्तित्वसम्बन्धी विचार गहिरो रूपमा प्रकट भएको पाइन्छ। प्रत्येक मान्छेमा सामाजिक पर्यावरणको प्रभाव प्रशस्त रहन्छ, त्यसैले प्रत्येक साहित्यकार कुनै न कुनै देश र कालमा हुन्छ र समाज भनेको यही वातावरण हो। अझ साहित्यकार त्यस समाजको एक प्रखर अङ्ग हो र उसको आन्तरिक व्यक्तित्व सामाजिक सन्दर्भ र चापबाटै निर्मित हुन्छ (त्रिपाठी, २०४८, पृ. १४९)। यसरी साहित्यमा आउने विचारतत्त्व त्यसको अन्तर्वस्तु, भाव, कथ्य, चिन्तन, दृष्टिकोण, विश्वदृष्टि आदिका रूपमा आएको हुन्छ र यो रचनाको प्राणतत्त्व पनि हो। अन्य विधाका तुलनामा यस्तो विचारतत्त्व निबन्धमा बढी सघन बनेर आएको देखिन्छ।

## विमर्श र परिणाम

निबन्धकारले आफू बाँचेको समाज, समय र आफ्ना अनुभूतिलाई नै विषयवस्तु बनाई निबन्ध लेखेको हुन्छ। समकालीन नेपाली निबन्धमा पनि जीवन, जगत्प्रतिका यस्तै भाव, अनुभूति र विचारलाई नै विषय बनाइएको छ। साहित्यका सबै विधाहरूमध्ये विचारतत्वलाई सशक्त रूपमा अभिव्यक्त गर्ने विधा निबन्ध हो। विचारहरूमा त्यो शक्ति लुकिरहेको छ जसबाट संसारको स्वरूपसम्म पनि बदल्न सकिन्छ। हामी राम्राराम्रा घर, बगैँचा, यन्त्र, वायुयान, रेल आदि अनेक प्रकारका वस्तुहरू देख्दछौँ ती सबै विचारका नै प्रत्यक्ष रूप हुन्।...विचारहरूमा रचना गर्ने शक्ति हुन्छ। यसैले मानिसका जस्ता विचार हुन्छन्, उस्तै नै उसको उन्नति या अवनति हुन्छ (खप्तडबाबा, २०६७, पृ.५४)। जीवन, जगत्, अस्तित्व र समाज विवेचित निबन्धहरूमा अन्तर्वस्तुका रूपमा सम्पृक्त भएर आएका छन् र यस सम्पृक्तताबाट यी निबन्धहरूमा गुणात्मक मूल्य उच्च भएको छ। विचारतत्त्वका अनेक आयामहरू छन् र ती विचारतत्त्वहरूमध्ये जीवन, जगत्, अस्तित्व र समाजसम्बन्धी विचारतत्त्वका दृष्टिले समकालीन नेपाली निबन्ध विश्लेषणीय छन्।

## समकालीन नेपाली निबन्धका वैचारिक पक्ष

निबन्ध साहित्यको गम्भीर विधा हो र यसमा कुनै पनि विषयमा केन्द्रित भई चिन्तन र तर्कहरू प्रस्तुत गरिन्छ। निबन्धले कुनै पनि विषयको दृश्य वा घटनाको वर्णन मात्र नगरी त्यस विषयप्रतिको निबन्धकारका दृष्टिकोण तथा धारणालाई पनि स्पष्ट रूपमा प्रस्तुत गरिएको हुन्छ। त्यसैले साहित्यका अन्य विधाका तुलनामा निबन्धलाई विचार र अनुभूतिबाट निर्मित विधाका रूपमा लिइन्छ। यसरी विचार व्यक्त गर्ने क्रममा हरेक निबन्धकारको विचार एउटै विषयमाथि पनि फरकफरक हुनसक्छ। एउटै विषयमा यसरी पृथक् दृष्टिकोण र धारणा व्यक्त हुनु नै त्यहाँ निबन्धकारको निजी विचार व्यक्त हुनु हो। समकालीन नेपाली निबन्धमा वैचारिक तत्त्व प्राणतत्त्वका रूपमा रहेको छ र विविध विचारहरू तिनमा अभिव्यक्त भएका छन्। निबन्धमा प्रकट भएका विचारहरूमध्ये अधिकांशतः जीवन, जगत्, समाज, प्रकृति, दर्शन, संस्कृति, इतिहास, राजनीति तथा देशका समसामयिक पक्षमा केन्द्रित विषयहरू रहेका छन्। यस्ता विषयहरूमाथि आफ्ना वैयक्तिक अनुभूति, ज्ञान र भोगाइका आधारमा निर्माण भएका विचार नै व्यक्त भएका पाइन्छन्। समकालीन नेपाली निबन्धमा प्रस्तुत भएका विविध विचारहरू मध्ये यहाँ जीवन र जगत्सम्बन्धी विचार, अस्तित्वसम्बन्धी विचार र समाजसम्बन्धी विचारलाई मात्र केन्द्र बनाई विश्लेषण तथा मूल्याङ्कन गरिएको छ।

## जीवन र जगत्सम्बन्धी विचार

समकालीन नेपाली निबन्धमा प्रयुक्त विभिन्न विषयहरूमध्ये सबैभन्दा बढी लेखिने विषय नै जीवन र जगत् हो। जीवन र जगत्लाई विषय बनाएर लेखिएका यस्ता निबन्धहरूमा निबन्धकारले यस विषयमा आफ्ना अनुभव र विचारहरू प्रस्तुत गरेका छन्। जीवन र जगत्लाई नै विषय बनाएर धेरै निबन्धकारले निबन्ध लेखे पनि यससम्बन्धी विचार भने सबैको फरकफरक रहेको छ। यसरी हेर्दा निबन्धकारहरूको जीवन र जगत्लाई हेर्ने दृष्टिकोण र त्यसबाट निर्माण हुने विचारमा समानता पाइँदैन। कसैले जीवन र जगत्लाई सृष्टिको अनुपम सौन्दर्यका रूपमा व्यक्त गरेका छन् भने कसैले यसलाई दुखरूपी भवसागरका रूपमा र कसैले जीवन र जगत्लाई रङ्गमञ्च र त्यसमा अभिनय गर्ने पात्रका रूपमा चित्रित गरेका छन्। यसरी समकालीन नेपाली निबन्धमा निबन्धकारहरूले आआफ्नै अनुभव, भोगाइ र ज्ञानका आधारमा जीवन र जगत्सम्बन्धी विचार प्रस्तुत गरेका छन्। यस्ता विचार प्रकट भएका निबन्धहरूमध्ये एउटा निबन्धांश यसप्रकार छ :

> जीवन एउटा बाग हो, जहाँ हजारौँ रङका फूल फूलाउन सकिन्छ। जीवन एक गतिशील भूमि हो जहाँ आबाद गरेर रङ्गीन र उर्बर बनाउन सकिन्छ। जीवनका आयामलाई ज्ञान, अनुभव, सिप, क्षमता र दर्शनहरूले रङ्गाउने हो। जसले जीवनलाई जति रङले सिँगार्न खोज्छ, जति ज्ञानले लिप्न सक्छ, जति अनुभवले पोत्न सक्छ, जति सिपले सँगाल्न सक्छ, जति क्षमताले मजबुत बनाउन सक्छ र जति दर्शनले गाह्रो लगाउँदैजान्छ, उति नै जीवन सौरभित र सुगन्धित हुने हो, रमाइलो र रङ्गीन हुने हो।
>
> \- श्रीबाबु कार्की
>
> 'जीवन एक, जुलुङ्गो अनेक', *सन्दिग्ध शताब्दी,* पृ. १३।

प्रस्तुत निबन्धांशमा जीवनसम्बन्धी निबन्धकारको विचार प्रस्तुत भएको छ। यहाँ जीवनलाई प्रतीकात्मक रूपमा एउटा बगैँचाका रूपमा चित्रण गरिएको छ। जसरी बगैँचामा धेरै रङका फूल फुलाउन सकिन्छ त्यसैगरी जीवनमा

पनि त्यस्तै खुसीका फूल फुलाउन सकिन्छ भन्ने आशय व्यक्त गरिएको छ। प्रस्तुत निबन्धांशमा जीवनलाई एक गतिशील भूमि मानिएको छ। यस भूमिलाई आबाद गरेर रङ्गीन र उर्बर बनाउन सकिने र जीवनका आयामहरूलाई ज्ञान, अनुभव, सीप, क्षमता र दर्शनहरूले रङ्गाउन सकिने विचार व्यक्त गरिएको छ। जुन व्यक्तिले जीवनलाई जति धेरै रङले सिँगार्न खोज्छ, जति धेरै ज्ञानले लिप्न सक्छ र जति अनुभवले पोत्न सक्छ त्यति नै जीवन पनि रमाइलो र रङ्गीन हुन्छ अनि सौरभित, सुगन्धित हुन्छ भन्ने विचार यहाँ प्रकट भएको छ। मान्छेले जीवनलाई जति धेरै सीपले सँगाल्न सक्छ, क्षमताले मजबुत बनाउन सक्छ र दर्शनले गाह्रो लगाउँदैजान्छ, त्यति मानवीय जीवन पनि सार्थक र सफल हुँदैजान्छ र जगत् सुन्दर देखिन्छ भन्ने भाव प्रकट भएको यस निबन्धांशले निबन्धकारको जीवन र जगत्प्रतिको विचार व्यक्त भएको छ। यसरी जीवनलाई सकारात्मक रूपमा सोच्दा सुन्दर देखिने र यसलाई नकारात्मक रूपबाट हेर्दा असुन्दर देखिने कुरा पनि यहाँ व्यक्त भएको छ। यस्तै विचार प्रकट भएको अर्को निबन्धांश यसप्रकार छ ः

> तर मानिस यति घरपालुवा भइसक्यो अब ऊ समुदाय छाडेर वन फर्किन सक्दैन। उसले यहीँ आफ्नो परम्पराभित्रै स्वतन्त्रताको भोग गर्नु छ। भारीलाई न आफ्नो जीवन सुम्पेर न त भारीबाट भागेर। तर अधिकांश मानिस आफूले बोकेको भारीलाई नै जीवन सम्झेर त्यसमा नै टाँसिएर रहेका छन्। यस्तालाई सिद्धार्थ गौतमले डुङ्गामा चढेर नदी पार गरिसकेपछि पनि डुङ्गा काँधमा बोकेर हिँड्ने अज्ञानी भनेका छन्। कतिपय भने बोझको भयले आफ्नो जीवनयात्रा नै अन्त्य गरिदिन्छन्। कोही भने जाग्छन्, जब तिनीभित्र चेतनाको लाभा सल्बलाउन थाल्छ। लाभा बाहिर निस्कन्छ उसको बिइङ वा कविताको पहाडबाट ज्वालामुखीको मुस्लो बनेर। तर, लाभामा खरानी मिसिएझैँ, चेतनाको तेजसँगै अहङ्कारको विकार पनि मिसिएर आउँछ।
>
> - बलराम अधिकारी,
>
> 'ऊँटको बोझ, सिंहको अहङ्कार र बालसुलभता', *इरेजर*, पृ. ८३)।

प्रस्तुत निबन्धांशमा निबन्धकारले मानवीय जीवन र जगत्प्रतिको दृष्टिकोणलाई दार्शनिक रूपमा अभिव्यक्त गरेका छन्। यहाँ मानिसलाई घरपालुवा प्राणीका रूपमा देखाउँदै मानिसले आफ्नो प्राकृतिक स्वतन्त्रता क्रमशः गुमाउँदैगएको कुरा व्यक्त गरिएको छ। एउटा समुदायभित्र मात्र साँघुरिएको मान्छेले अब समुदाय छाडेर वन फर्किन नसक्ने र उसले यहीँ आफ्नो परम्पराभित्रै स्वतन्त्रताको भोग गर्नुपर्ने सन्दर्भ प्रस्तुत गर्दै अधिकांश मानिस आफूले बोकेको भारीलाई नै सम्पूर्ण जीवन सम्झेर त्यसमा नै टाँसिएर रहेकाले न त उनीहरू त्यो भारीलाई आफ्नो जीवन सुम्पेर खुसी हुन सक्छन् न त भारीबाट भागेर नै रमाउन सक्छन् भन्ने विचार व्यक्त गरिएको छ। यहाँ सिद्धार्थ गौतमले यस्ता मान्छेलाई डुङ्गामा चढेर नदी पार गरिसकेपछि पनि डुङ्गा काँधमा बोकेर हिँड्ने अज्ञानी भनेका छन् भन्ने प्रसङ्ग उल्लेख गर्दै कतिपय मानिसले बोझको भयले आफ्नो जीवनयात्रा नै अन्त्य गरिदिनेगरेको र कति भने यथार्थको बोध गरेर जागृत भएको कुरा उल्लेख गरिएको छ। मानवीय जीवनको सार र निस्सार अवस्थाको चर्चा गरिएको यस निबन्धांशमा जब मान्छेभित्र चेतनाको लाभा सल्बलाउन थाल्छ र त्यो लाभा बाहिर निस्कन थाल्छ अनि उसको जीवनशैलीमा फरकपन आउँछ र अभिव्यक्ति ज्वालामुखीको मुस्लो बनेर निस्कन्छ भन्दै तर त्यतिबेला लाभामा खरानी मिसिएझैँ, मानिसको चेतनाको तेजसँगै अहङ्कारको विकार पनि मिसिएर आउँछ भन्ने विचार व्यक्त गरिएको छ। मानवीय जीवन र जगत्लाई दार्शनिक कोणबाट हेरिएको यस निबन्धांशमा मानवीय जीवन झन्झन् जटिल र यान्त्रिक बन्दैगएको विचार व्यक्त गरिएको छ। यसरी मानवीय जीवन र जगत्सँग सम्बद्ध विचारहरू कतै अनुभवमा कतै चिन्तनमा र कतै कल्पनामा आधारित भएर अभिव्यक्त भएका छन् र तिनले कुनै न कुनै रूपमा पौरस्त्य दर्शनका जीवन र जगत्सम्बन्धी मान्यतालाई अभिव्यञ्जित गरेका छन्।

**अस्तित्वसम्बन्धी विचार**

समकालीन नेपाली निबन्धमा अस्तित्वचेतना र अस्तित्वसम्बन्धी विचार गम्भीर र प्रभावकारी रूपमा अभिव्यक्त भएका छन् । चेतनाका रूपमा व्यक्त भएका यस्ता अस्तित्वसम्बन्धी विचारहरू कतै जीवन अस्तित्व, कतै मानव अस्तित्व, कतै सांस्कृतिक अस्तित्व, कतै जातीय अस्तित्व आदि विविध रूपमा प्रकट भएका छन् । संसारमा विद्यमान हरेक वस्तुको आफ्नै अस्तित्व हुन्छ भन्ने यथार्थलाई स्वीकार गरिए पनि अधिकांश निबन्धकारले स्वअस्तित्वलाई नै केन्द्रमा राखेर आफ्ना विचारहरू प्रस्तुत गरेका छन् । अस्तित्वबोधी चेतनाका कारण मान्छे आफू अस्तित्वविहीन भएर बाँच्न चाहँदैन । ऊ आफूलाई स्वतन्त्र र स्वाभिमानी बनाउन चाहन्छ । म पनि केही हुँ, मभित्र पनि केही छ र म पनि छु जस्ता आत्मबोधी अर्थात् अस्तित्वबोधी चेतनासँग सम्बद्ध भएर आएका विचारहरू नै निबन्धमा प्रयोग हुने अस्तित्वसम्बन्धी विचार हुन् । मानिसलाई अस्तित्वहीन भएर बाँच्नुपर्दा पीडा हुन्छ । ऊ आफ्नो अस्तित्व चाहन्छ । सम्मानित र पूर्ण जीवन चाहन्छ । यसैका लागि मानिस जीवनभर सङ्घर्ष गरिरहन्छ भन्ने विचार समकालीन नेपाली निबन्धमा प्रस्तुत भएका छन् । यस्ता विचार प्रस्तुत भएका निबन्धांशहरूमध्ये एउटा निबन्धांश यसप्रकार छ :

> अन्धकारमा हिँडिरहेको जीवनलाई अध्ययन मननले उज्यालोतिर पुऱ्याउला भन्ने आशाले अनेकौँ वर्षदेखि म अक्षरमै घोप्टिरहेको छु । देवनागरी लिपि फुकाल्छु केलाउँछु, मिलाउँछु फिँजाउँछु, अझ रोमन लिपिमा पो नयाँ कुरा छन् कि भनी त्यता निहुरिन्छु घोप्टिन्छु, पाना पल्टाउँछु, डाउनलोड गर्छु, अपलोड गर्छु, वर्षैपिच्छे अलिकति दृष्टिशक्ति थप्तैलान्छु । मानिसहरू भन्लान् यसले किन यसरी मरिहत्ते गरिरहेको होला ? जीवन त त्यता होइन यता छ । उनीहरू सारा बिर्सेर निस्फिक्री नाचेको हाँसेको देख्ता हो कि जस्तो पनि लाग्छ तर म आफ्नै अक्षरको दहमा पस्छु, निस्कन्छु, पस्छु निस्कन्छु । त्यहाँ पनि जीवनका अनेक दुःखकष्ट आतङ्कका कथा लेखिएको देख्छु । कहिल्यै, कहिल्यै नमेटिने गरी । जतातातै लेखिएको त अनन्त छ; अन्त्यको गर्तबाट उत्पन्न हुने भय र आतङ्कको त्रासद स्वरहरू सुन्छु; आत्तिएका, कराएका, बाटो नपाएर निसासिएकाहरूको लामो ताँती ।
>
> गोविन्दराज भट्टराई
>
> ‘स्वगृहीत चिन्ताको रङ्गीन पोखरीमा’, *समकालीन नेपाली निबन्ध,* पृ.४३ ।

प्रस्तुत निबन्धांशमा अन्धकारमा हिँडिरहेको जीवनलाई उज्यालोतिर पुऱ्याउने आशाका रूपमा अस्तित्वसम्बन्धी चेतनालाई प्रस्तुत गरिएको छ । अध्ययन र मनन गर्दै अनेकौँ वर्षदेखि अक्षरमै घोप्टिरहेको लेखकको अस्तित्वचेतना प्रकटित भएको यस निबन्धांशमा कहिले देवनागरी लिपि फुकाल्ने, केलाउने, मिलाउने, फिँजाउने र कहिले रोमन लिपिमा पो नयाँ कुरा छन् कि भनी त्यता निहुरिने, घोप्टिने, पाना पल्टाउने, डाउनलोड गर्ने, अपलोड गर्ने र वर्षैपिच्छे अलिकति दृष्टिशक्ति थप्तैलाने काम वास्तवमा काम मात्र नभएर अस्तित्वको लडाइँ पनि हो भन्ने भाव यस साक्ष्यमा प्रस्तुत भएको छ । यसरी मरिहत्ते गरिरहेको देख्दा अरूहरूलाई अनौठो लागे पनि वास्तविक जीवनको मूल्य यसरी नै स्थापित गर्न सकिने कुरा व्यक्त गरिएको यस साक्ष्यमा केही मानिसहरू सारा बिर्सेर निस्फिक्री नाचेको हाँसेको देख्ता जीवन सरल छ जस्तो लागे पनि त्यो क्षणिक खुसी मात्र भएको अस्तित्वपूर्ण जीवनका लागि अक्षरको दहमा पस्न र निस्कनैपर्ने हुन्छ भन्ने दृष्टिकोण प्रस्तुत गरिएको छ । यहाँ कहिल्यै नमेटिनेगरी मानवीय जीवनका अनेक दुःखकष्ट र आतङ्कका कथा लेखिएको सन्दर्भ प्रस्तुत गर्दै अन्त्यको गर्तबाट उत्पन्न हुने भय र आतङ्कको त्रासद स्वरहरू सुन्दा र आत्तिएका, कराएका, बाटो नपाएर निसासिएकाहरूको लामो ताँती देख्दा अस्तित्वरक्षाका लागि पनि प्राज्ञिक सङ्घर्ष

गर्नुपरेको विचार व्यक्त गरिएको छ । जीवनको आशा र आउने दिनप्रतिको सकारात्मक दृष्टिकोण प्रस्तुत गरिएको यस निबन्धांशमा मानिसमा उत्पन्न हुने अस्तित्वसम्बन्धी विचारलाई अभिव्यक्त गरिएको छ । अस्तित्वसम्बन्धी विचार व्यक्त गरिएको अर्को एउटा निबन्धांश यसप्रकार छ :

> म मेरो जीवनमा कसैको हस्तक्षेप मन पराउँदिनँ । तर जजसलाई भेटे पनि अर्तीउपदेश दिन्छन् । मानौँ म उपदेश राख्ने सुरक्षित कन्टेनर हुँ । उनले पनि मलाई मौनतामै अर्तीउपदेश दिन खोजे, शायद यो प्राध्यापन पेसाको विशेषता भनौँ या कमजोरी । मेरो जीवनमा अरूको हस्तक्षेप नचाहे जस्तै म पनि अरूको जीवनमा हस्तक्षेप गर्न चाहन्नँ । मानौँ म त्यो कमजोर राष्ट्र हुँ जसले असंलग्न परराष्ट्रनीति अख्तियार गरेको छ । ...झट्ट हेर्दा मनमौजीजस्तो देखिने म भित्रभित्रै आगोले खाएको सिमलको रुखझैँ भएको छु । एउटा सानो हुरी नै काफी छ- मेरो समाप्तिका लागि । मानौँ म कुनै मन्दिरको प्राङ्गणको मन्दिरमा बलेको त्यो बत्ती हुँ जो कर्ताको अनुपस्थितिमा एक्लै बलिरहेछु ।
>
> रामबाबु घिमिरे
>
> 'निर्मोहीसँग मोह', *अनर्गल प्रलाप*, पृ. ८२ ।

प्रस्तुत निबन्धांशमा निबन्धकारले आफ्ना वैयक्तिक अनुभूति र भोगाइलाई अभिव्यक्त गर्ने क्रममा अस्तित्वसम्बन्धी विचार प्रस्तुत गरेका छन् । यहाँ आफ्नो जीवनको हरेक निर्णय र रोजाइ केवल आफ्नै हुने भएकाले अरूको हस्तक्षेप सहन नसक्ने, अरूको अर्तीउपदेश पनि आवश्यक नपर्ने सन्दर्भ प्रस्तुत गरिएको छ । जीवनमा कसैको हस्तक्षेप मन नपराए पनि भेटेजति सबैले उपदेश राख्ने सुरक्षित कन्टेनरजस्तै ठानेर आफूलाई अर्तीउपदेश दिनेगरेको प्रति प्रस्तुत निबन्धांशमा असन्तुष्टि प्रकट गरिएको छ । यस साक्ष्यमा निबन्धकारलाई भेट्दा उनका साथीले पनि मौनतामै अर्तीउपदेश दिन खोजेकाले उनको अस्तित्वमाथि प्रश्न उठेको र यसले बाहिर हेर्दा मनमौजीजस्तो देखिने आफू भित्रभित्रै आगोले खाएको सिमलको रूखजस्तै भएको भनी अस्तित्वचेतनालाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ । जीवन भोगाइका क्रममा अनुभव गरेका तीतामीठा सन्दर्भहरू प्रस्तुत गरिएको यस निबन्धांशमा एकातिर निबन्धकारको अस्तित्वसम्बन्धी विचारलाई प्रस्तुत गरिएको छ भने अर्कोतिर नेपालीहरूको स्वभावलाई पनि चित्रण गरिएको छ । यसरी आफ्नो जीवन र यसप्रतिको अस्तित्वबोधलाई विषयवस्तु बनाएर समकालीन निबन्धहरू लेखिएका छन् र माथिका यी र यस्तै निबन्ध वा निबन्धांशले सार्त्र र हाइडेगरका अस्तित्ववादी चिन्तन र स्वचेतनालाई अभिव्यक्त गरेका छन् ।

### समाजसम्बन्धी विचार

देश र समाजका समसामयिक विषयवस्तुलाई केन्द्र बनाएर पनि पछिल्लो समय प्रशस्त निबन्धहरू लेखिएका छन् । समकालीन नेपाली निबन्धमा व्यक्त हुने विचारमध्ये समाजसम्बन्धी विचार पनि प्रभावकारीरूपमा आएको देखिन्छ । मूलतः समाजमा देखिएका विकृति, विसङ्गति र विषमताहरूप्रति असन्तुष्टि मिसिएका विचारहरू नै बढी निबन्धको विषयवस्तु बनेर आएका छन् । समाजमा विद्यमान जातीय, लैङ्गिक, वर्गीय विभेदका साथै राजनीतिक शक्तिका आडमा समाजमा भइरहेका असङ्गत पक्षको चित्रण गर्दै आलोचनात्मक दृष्टिकोणसमेत प्रस्तुत गरी लेखिएका समकालीन नेपाली निबन्ध विचार सम्प्रेषणका दृष्टिले प्रभावी देखिन्छ । समाज भन्नु नै मान्छेको समुच्चय हो । समाजका यावत् गतिविधिले समग्र मान्छेकै प्रवृत्ति र नियतलाई देखाउनेहुँदा यहाँ समाजसम्बन्धी विचारमा पनि

मानवीय चरित्र र मानवीय गतिविधि नै केन्द्र बनेर आएका देखिन्छन् । आजको समाज दिनप्रतिदिन कसरी आडम्बरी र देखावटीमा विश्वास गर्दै गइरहेको छ र समाजका मूल्यमान्यताहरू कसरी भत्कँदैगइरहेको छ भन्ने कुरालाई समकालीन नेपाली निबन्धमा विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । यसरी समाजसम्बन्धी विचार व्यक्त भएका निबन्धहरू मध्ये एउटा निबन्धांश यसप्रकार छ :

> सबैलाई आफू उच्च खानदानी, कुलीन र सभ्य भएको पाखण्ड प्रदर्शन गर्नुछ । सभ्य भएको, वाचाल भएको, विज्ञ भएको, सम्पन्न भएको आडम्बर प्रदर्शन गर्नु नै स्पेश खोजीको अनुराग हो । नसके पनि माथि जाने आकाङ्क्षा र अरुलाई आफू ठूलो भएको देखाउने लालसा मान्छेमा तीव्र गतिमा विकसित हुँदैछ । समाजसेवामार्फत देश सुधार्न खोजेका हौं भन्छन् समाजसेवीहरू । मानवतावादी चिन्तन, सोच, समानता र स्वतन्त्रताको वकालत गर्दैछन् मानवअधिकारवादीहरू । राष्ट्रोत्थानका निमित्त कला, संस्कृति र साहित्यको विकास गर्दैछौं भन्दछन् सिर्जनशील स्रष्टाहरू । धर्मको माध्यमबाट, राजनीतिको माध्यमबाट राष्ट्रोत्थान गरिन्छ भन्ने अवधारणा पनि बाहिर आएका छन् । तर मलाई लाग्छ, यी नौटङ्कीका विविध रङ हुन् । आजको मानिसले राष्ट्र सुधार्न खोजेको किमार्थ होइन ।
>
> -माधव काफ्ले
>
> 'स्पेसको खोजी', जीवन एउटा थोत्रो स्क्रिन, पृ. १०७-१०८ ।

प्रस्तुत निबन्धांशमा वर्तमान नेपाली समाजमा देखिएका विसङ्गत पक्षमाथि निबन्धकारले आफ्नो स्पष्ट विचार व्यक्त गरेका छन् । आज समाजका सबैले आफू उच्च खानदानी, कुलीन र सभ्य भएको पाखण्ड प्रदर्शन गर्ने भएकोले समाज देखावटी र आडम्बरी बन्दैगएको प्रति असन्तुष्टि व्यक्त गरिएको यस निबन्धांशमा यसरी सबैले आफू सभ्य भएको, वाचाल भएको, विज्ञ भएको, सम्पन्न भएको प्रदर्शन गर्नु स्पेश खोजीको अनुराग भए पनि यसले समाजलाई खोक्रो बनाउने बाहेक अरु केही नगर्ने कुरा प्रस्तुत गरिएको छ । अरुलाई आफू ठूलो भएको देखाउने लालसा मान्छेमा तीव्र गतिमा विकसित भएको आजको समाजमा समाजसेवीहरूले समाजसेवामार्फत देश सुधार्न खोजेका हौं भने पनि, मानव-अधिकारवादीहरूले मानवतावादी सोच, समानता र स्वतन्त्रताको वकालत गरे पनि र सिर्जनशील स्रष्टाहरूले राष्ट्रोत्थानका निमित्त कला, संस्कृति र साहित्यको विकास गर्दैछौं भने पनि यसले खासै समाजलाई विकारमुक्त बनाउन नसकेकाले यो केवल नारामा नै सीमित भएको यथार्थलाई देखाउँदै यी सबै नौटङ्कीका विविध रङ हुन् भन्ने विचार यस निबन्धांशमा व्यक्त गरिएको छ । यस्ता देखावटी र आडम्बरका माध्यमबाट आजको मानिसले राष्ट्र सुधार्न खोजेको किमार्थ होइन भन्ने निबन्धकारका यी अभिव्यक्तिले समाजसम्बन्धी विचार प्रस्तुत गरेको छ । यस्तै समाजसम्बन्धी विचार प्रस्तुत भएको अर्को एउटा निबन्धांश यसप्रकार छ :

> पितृसत्तात्मक समाजमा गाँजिएर निर्माण भएको मनस्थितिले बा, श्रीमान् र छोरामध्ये एकलाई बैसाखी बनाइरहनु भनेर चलाएको प्रचलनमा हुर्किएको संस्कारले किन सजिलै स्वीकार्थ्यो नारीको उच्चतम सृष्टिलाई । बरु सहायता गर्ने दुष्प्रयास गर्छ र खोज्छ माथि पर्न अनि आश्रय दिन । नारीको विद्वता र उच्चता स्वीकार्न नसक्नुको कुण्ठा नै पारम्परिक सोच र बौद्धिक दरिद्रता हो । अनि, निर्भीक लेखनको अवमूल्यन पनि हो ।
>
> रञ्जना निरौला
>
> 'शिरीषसँग शब्द-संवाद', अनुभूतिको अवतरण, पृ. ५६ ।

प्रस्तुत निबन्धांशमा लैङ्गिक विभेद विद्यमान रहेको नेपाली समाजको यथार्थप्रति असन्तुष्टि व्यक्त गर्दै विचार प्रस्तुत गरिएको छ। प्रस्तुत साक्ष्यमा पितृसत्तात्मक नेपाली समाजमा पितृसत्ताले निर्माण गरेको सामाजिक मूल्य र मान्यताले जहिले पनि पुरुषलाई पहिलो दर्जाको र नारीलाई दोस्रो दर्जाको मान्ने भएकाले त्यही अनुरूप नै आम मानिसको मनस्थिति र दृष्टिकोण बनेको कुरा उल्लेख गरिएको छ। नारीले जन्मेदेखि नै बा, श्रीमान् र छोरामध्ये एकलाई बैसाखी बनाएर जीवन बिताउनुपर्ने अलिखित नियम चलाएको नेपाली समाजमा हुर्किएको संस्कारले नारीको सफलतालाई र उच्च प्रतिभालाई सजिलै स्वीकार्न नसक्ने यथार्थमाथि असन्तुष्टि व्यक्त गरिएको यस निबन्धांशमा बरु सहायता गरेको नाममा र आश्रय दिएको नाममा सधैँ माथि पर्न खोज्ने पितृसत्ताको एकाधिकारवादी सोचलाई दरिद्र सोच हो भन्ने विचार व्यक्त गरिएको छ। यसरी नारीलेखकको विद्वता र उच्चता स्वीकार्न नसक्नुलाई पितृसत्तात्मक समाजको कुण्ठा, पारम्परिक सोच र बौद्धिक दरिद्रता रूप हो भन्ने विचार व्यक्त गरिएको यस निबन्धांशमा विभेदयुक्त समाजप्रतिको विचार व्यक्त भएको छ। समग्रमा समाजसम्बन्धी विचार व्यक्त भएका समकालीन नेपाली निबन्धहरूमा समाजका विसङ्गत पक्षमाथिको असन्तुष्टि र समाज-सुधारसम्बन्धी विचार अभिव्यक्त भएको पाइन्छ। यी र यस्तै निबन्धमा आएका समाजसम्बन्धी विचार र चिन्तनहरू पाश्चात्य समाजशास्त्रीहरूका दृष्टिकोणका रूपमा कम र नेपाली सामाजिक परिवेशबाट निर्मित भएर बढी आएको देखिन्छ। उपर्युक्त निबन्धमा अभिव्यञ्जित विचारहरूलाई सबल बनाउन तत्तत् निबन्धको विचलनयुक्त र लालित्यमय भाषा, निबन्धका बिम्बात्मक, प्रतीकात्मक, अन्योक्तिमूलक र तार्किक शैली  आदिले पनि उल्लेखनीय भूमिका निर्वाह गरेका छन्।

## निष्कर्ष

समकालीन नेपाली निबन्धमा वैयक्तिक अनुभूति र भोगाइहरू प्रकट गर्ने क्रममा विभिन्न विषयवस्तुहरू प्रयोग भएका छन् भन्ने कुरा माथिको विश्लेषणबाट स्पष्ट हुन्छ। वैयक्तिकतासँगै जीवन र जगत्सम्बन्धी आफ्नो वैयक्तिक विचार वा दृष्टिकोणका साथै स्वत्वबोधी र अस्तित्वबोधी चेतना पनि समकालीन नेपाली निबन्धमा मूल प्रवृत्तिगत विशेषता बनेर आएको देखिन्छ। कतिपय निबन्धमा म को हुँ ? मेरो गति र दिशा के हो ? भन्नेजस्ता कुरा पनि आएका छन्। यस्तो अस्तित्वबोधी चेतनाले एकातिर लेखकलाई आफ्नो विचारको उदात्तीकरण गर्न सहयोग पुऱ्याएको देखिन्छ भने अर्कातिर मान्छे हुनुको स्वत्वबोध र अस्तित्वबोध, आफू हुनुको स्वत्वबोध र अस्तित्वबोध तथा कतिपय नारी निबन्धकारहरूका निबन्धमा नारी हुनुको अस्तित्वबोधी चेतना पनि सबल भएर आएको देखिन्छ। यसरी जीवन र जगत्प्रतिको दृष्टिकोण र स्वअस्तित्वबोधी चेतनालाई विचार, चिन्तन र दृष्टिकोणसँग समीकरण गरेर लेख्ने प्रवृत्ति पनि यसप्रकारका निबन्धमा पाइन्छ। यसबाट समकालीन नेपाली निबन्धमा एकातिर विषयगत र चिन्तनगत नवीनता आएको देखिन्छ भने अर्कोतिर यस्ता प्रकृतिका निबन्धहरू कलात्मक मूल्यबोधी चेतनाका दृष्टिले पनि निकै सबल देखिन्छन्। जीवन र जगत्लाई हेर्ने विचार, चिन्तन र दृष्टिकोणमा नवीनता थपिँदैजानु, विसङ्गत जीवन, जीवनको निस्सारता, जीवनको गतिशीलताजस्ता जीवनप्रतिको दृष्टिकोण अभिव्यक्ति हुनु, स्वत्वबोध तथा अस्तित्वबोधी चेतनाको अभिव्यक्ति पाइनु र समाजका यथार्थहरूप्रति आफ्नो स्पष्ट दृष्टिकोण राख्नु समकालीन नेपाली निबन्धका प्राप्ति हुन्। यसरी प्रकटित हुने अस्तित्ववादी चेतना कतै भौतिकवादी त कतै आत्मवादी धारणाका रूपमा व्यक्त भएका छन्। समकालीन निबन्धमा विचार तथा आत्मानुभूति अभिव्यक्त हुने क्रममा निबन्धकारका वैयक्तिक भावना, कल्पना, वैयक्तिक अनुभूति, भोगाइ पनि निकै सशक्त रूपमा प्रकट भएका छन्। यसरी विविध विचार तथा आत्मानुभूतिको प्रकटनद्वारा अभिव्यक्तिलाई सशक्त बनाउनु आत्मपरक निबन्धको विशेषता पनि हो र यस्ता निबन्धले

विचार र आत्मानुभूतिको संश्लेषण गर्दछ। उपर्युक्त निबन्धांशहरूका आधारमा समकालीन नेपाली निबन्धमा जीवन र जगत्सम्बन्धी पौरस्त्य दर्शनसँग निकट विचारतत्त्व, अस्तित्वसम्बन्धी पाश्चात्य दर्शनसँग निकट विचारतत्त्व र समाजसम्बन्धी नेपाली जीवन र परिवेशसँग निकट विचारतत्त्वको सघनता बढी सशक्त देखिएको पाइन्छ। पौरस्त्य पाश्चात्य दर्शनको समन्वित प्रभावलाई आजका नेपाली निबन्धले संवहन गरेको कुरा पनि यहाँ देखिन्छ। उपर्युक्त विश्लेषणबाट समकालीन नेपाली निबन्धमा विचारतत्त्वको सघन अभिव्यक्तिका रूपमा जीवन र जगत्सम्बन्धी विचार, स्वचेतना वा अस्तित्वसम्बन्धी विचार र समाजसम्बन्धी विचार अभिव्यञ्जित छन् र यिनै विचारहरूले आजका निबन्धमा समकालीनता प्रतिबिम्बित भएको छ भन्ने निष्कर्ष प्राप्त हुन्छ।

**सन्दर्भसूची**

अधिकारी, ज्ञानु (२०७८), 'आधुनिक नेपाली आत्मपरक निबन्धका प्रवृत्ति', अप्रकाशित अनुसन्धान प्रतिवेदन, नेपाल प्रज्ञा-प्रतिष्ठान।

अधिकारी, बलराम (२०७२), *इरेजर*, काठमाडौँ : रत्न पुस्तक भण्डार।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

काफ्ले, माधव (२०७३), *जीवन एउटा थोत्रो स्क्रिन*, काठमाडौँ : ओरियन्टल प्रकाशन गृह।

कार्की, श्रीबाबु (२०७९), *सन्दिग्ध शताब्दी*, ललितपुर : साझा प्रकाशन।

खप्तडबाबा (२०६७), *विचार-विज्ञान*, काठमाडौँ : खप्तड आश्रम प्रकाशन समिति।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'वैदिक षड्दर्शनका प्रमुख मान्यता', *नेपाल अध्ययन जर्नल*, (वर्ष १, अङ्क १), पृ.७७ - ११३।

घिमिरे, रामबाबु (२०६५), *अनर्गल प्रलाप*, चितवन : चितवन साहित्य परिषद्।

त्रिपाठी, वासुदेव (२०४८), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा- भाग दुई*, ललितपुर : साझा प्रकाशन।

निरौला, रञ्जना (२०७९), *अनुभूतिको अवतरण*, काठमाडौँ : शिखा बुक्स।

प्रधान, प्रमोद (२०६६), *नेपाली निबन्धको इतिहास*, काठमाडौँ : रत्न पुस्तक भण्डार।

प्रभात, विष्णु (२०७०), *प्रज्ञा दर्शन कोश*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

रोदन, श्रीओम श्रेष्ठ, सम्पा. (२०७९), *समकालीन नेपाली निबन्ध*, काठमाडौँ : भुँडीपुराण प्रकाशन।

शर्मा, मोहनराज (२०६६), *आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना*, काठमाडौँ : क्वेस्ट पब्लिकेसन।